श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री बासुदेव खनाल

**फैसला**

२०७९।०८० सालको निर्णय नं. ४५९

पुनरावेदन नं. ०७५-RB-०१४७

पुनरावेदन दर्ता मिति २०७५।०८।२१

**मुद्दाः–मूल्य अभिवृद्धि कर (२०७०/०७१)।**

चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं.१ स्थित बोटलर्स नेपाल (तराई) लि.को तर्फबाट अधिकार प्राप्त प्रवन्धक कानून ऐ. वडा नं.७, मैजुबहाल चाबहिल बस्ने प्रतिमा बर्मा.....................................................................................१ } पुनरावेदक

**विरुद्ध**

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मिति :- २०७५।०४।०७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान बरिष्ठ अधिवक्ता श्री  महेश कुमार थापा र

विद्वान अधिवक्ता श्री मन्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०४।०७

मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी आन्तरिक राजस्व विभागलाई जानकारी दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

## <u>तथ्य खण्ड</u>

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका श्री बोटलर्स नेपाल (तराई) लिमिटेडको आ.व. २०७०/७१ कर परीक्षण सम्पन्न भै पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० वमोजिम कर निर्धारण गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर तथा जरिवाना गणना गरी जम्मा रू.३,५६,६१,०१२।- (अक्षेरेपी तीन करोड छपन्न लाख एकसठ्ठी हजार बाह्र रूपैया मात्र) कर निर्धारण (जरिवाना समेत) गर्नुपर्ने आधार र कारण संलग्न गरी प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०३।१९ मा जारी भएको प्रारम्भिक कर निर्धारण आदेश।

२. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०३।१९ मा जारी गरिएको उक्त प्रारम्भिक कर निर्धारण आदेशको पत्र मिति २०७५।३।२४ मा करदाता बोटलर्स नेपाल (तराई) लि.ले बुझी लिई सोको जवाफ मिति २०७५।०४।०६ मा पेश गरेको।

३. करदाताले वस्तु खरिद गर्दा मू.अ.कर क्रेडिट दावी गरिसकेको अवस्थामा त्यस्तो वस्तु निसर्ग गर्दा मू.अ.कर नै असुल नगरी उपयोगिता समाप्त हुन लागेको सामान नष्ट गरिएको हुंदा ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना नगरी निसर्ग गर्न सकिने भनी लिएको जिकिरसंग सहमत हुन नसकिने हुंदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ एवंम आयकर ऐन, २०५८ को को दफा २(कद) बमोजिम स्थायी संस्थापन भई नेपालमा दर्ता भै कारोबार गरी रीतपूर्वकको विल विजक जारी गरी कारोबार गर्नुपर्ने FABS Singapore बाट विजक प्राप्त गरी विजकमा तिरेको मू.अ.कर क्रेडिट गरेको अवस्था देखिएन। नियमानुसार बासिन्दा व्यक्ति हुने व्यक्तिलाई गैर बासिन्दा सरह विदेशी मुद्रामा सेवा भुक्तानी गरी उठाएको मू.अ.कर रकमलाई ऐनको दफा १७(१) तथा १७(४) बमोजिम क्रेडिट कट्टी दिन नमिल्ने हुंदा ऐनको दफा २०(१)(ख) बमोजिम मू.अ.कर निर्धारण गरिएको कानून सम्मत ठहर्छ, करदाताले Global Service Company नेपालको स्थायी संस्थापन होइन भन्ने कुनै प्रमाण र तथ्य पेश गरेको छैन। सेवाको शर्तको विषयमा भएको करारनामा के हो? समेत पेश नगरी खर्च भुक्तानी गरेको आधारमा मात्र वास्तविक खर्च

हो भनी सो भुक्तानीमा असुल गरेको मू.अ.कर क्रेडिट दावी दिन मिल्ने देखिएन। यदि सो कम्पनी स्थायी संस्थापन हुने भए नेपालमा दर्ता भै निजले जारी गरेको विजक नियमावलीको नियम १७ बमोजिम प्राप्त गरेको अवस्थामा मू.अ.कर क्रेडिट दावी गर्न सकिन्छ तर कम्पनीसंग भएको सम्झौता तथा करारनामा समेत पेश नगरी करदाताले उक्त कम्पनी स्थायी संस्थापन नै होइन भनी ऐनको दफा ८(२) बमोजिम असुल गरेको मू.अ.कर क्रेडिट दफा १७(६) बमोजिम दिन नमिल्ने ठहर्छ। यसर्थ, मिति २०७५।०२।१९ मा निर्धारण भै जारी भएको प्रारम्भिक कर, थप दस्तुर, ब्याज र जरिवाना सहितको रू.३,५६,६१,०१२।- (अक्षरेपी तीन करोड छपन्न लाख एकसट्ठी हजार बाह्र रूपैंया मात्र) लाई यथावत कायम राखी उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) वमोजिम थप दस्तुर एवं दफा २६ वमोजिम व्याज लाग्ने भए सो समेत गणना गरी, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७५।०४।०७ मा भएको निर्णय पर्चा।

४. करदाता श्री बोटलर्स नेपाल (तराई) लिमिटेडले पेश गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्याकंन गर्दा निम्नानुसारको कर रकम रू.३,५६,६१,०१२।- (अक्षरेपी तीन करोड छपन्न लाख एकसट्ठी हजार बाह्र रूपैया मात्र) तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैंकमा रहेको यस कार्यालयको खातामा दाखिला गर्नु होला। यो आदेश जारी भएको मितिले १५ दिन भित्र कर नबुझाएमा जरिवाना, थप दस्तुर तथा ब्याज लाग्ने व्यहोरा सूचित गरीन्छ भन्नेसमेत बेहोराको च.नं. २२३ को पत्रबाट मिति २०७५।०४।०८ मा करदाताको नाममा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट जारी भएको अन्तिम कर निर्धारण आदेशको सूचना।

५. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७५।०४।०८ मा जारी भएको अन्तिम कर निर्धारण आदेशको सूचना करदाताले तदनुसार २६-७-२०१८ मा बुझेको भरपाई।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०४।०८ मा जारी गरेको आ.व. २०७०/०७१ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी बोटलर्स नेपाल (तराई) लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

७. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७५।०४।०८ मा जारी गरेको आ.व. २०७०/०७१ को मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा

चित्त नबुझी श्री बोटलर्स नेपाल (तराई) लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०५।०८ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(४) बमोजिम ६० दिनभित्र निर्णय गरी सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ३१क.(५) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

८. निवेदकले मिति २०७५।०९।०५ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क.(५) बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन गरिने जानकारी गराएको र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको व्यहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदनपत्र राखी मिति २०७५।०८।२१ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा गर्ने गरी मिति २०७५।०९।११ मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

९. Stock Write Off भनी प्रशासनिक खर्च अन्तर्गत खर्च दावी गरेको रु.२,११,१२,५०५।- मा १३ प्रतिशतले कर निर्धारण गरी त्यसमा २५ प्रतिशत जरिवाना, थप शुल्क र व्याज समेत लगाउनु भएको सम्बन्धमा, FABS International Inc. Singapore लाई भूक्तानी गरेको सेवा शुल्क रु.९,५५,८९,९६८।- र Tolborne Service Management India लाई भूक्तानी गरेको सेवा शुल्क रु.९,१४,९९७।- मा असुल गरिएको मूल्य अभिवृद्धि कर क्रेडिट अमान्य गरी २५ प्रतिशतले हुने जरिवाना, व्याज तथा थप शुल्क समेत लगाएको सम्बन्धमा, Global Service Company लाई भूक्तानी भएको रु.८८,५२,६२३।- सो कम्पनीले प्रदान गर्ने सेवाको प्रकृति, सेवा प्राप्त गर्ने प्रकृया, सेवा दिने अवधी र Parent Company संग सेवाको खर्च व्यहोर्ने आधार स्पष्ट नभएको र सो कम्पनी स्थायी संस्थापन देखिएको भनी त्यसमा असुल गरिएको मूल्य अभिवृद्धि कर क्रेडिट अमान्य गरी २५ प्रतिशतले हुने जरिवाना, व्याज तथा थप शुल्क समेत लगाएको सम्बन्धमा, प्रत्यर्थी कार्यालयले गरेको मिति २०७५।०४।०८ को अन्तिम कर निर्धारण आदेश तथा मिति २०७५।०४।०७ को निर्णय पर्चा बमोजिमको कर कट्टी गर्न नदिई कर निर्धारण गरेको नमिलेको हुँदा उक्त अन्तिम कर निर्धारण आदेश तथा निर्णय पर्चा समेत बदर गरी न्याय इन्साफ पाउँ भन्ने व्यहोराको जिकिर लिई पुनरावेदक करदाता बोटलर्स नेपाल (तराई) लि.को तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०८।२१ मा दर्ता भएको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०५।११ मा भएको आदेश।

११. यसमा पुनरावेदन करदाताले ठूला करदाता कार्यालय हरिहरभवन, ललतिपुरबाट अन्तिम कर निर्धारणका सम्बन्धमा मिति २०७५।०४।०८ मा भएको निर्णय उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग लाजिम्पाटमा दिएको निवेदन सहितको सक्कल मिसिल आएको नदेखिँदा सो झिकाई आएपछि नियमानुसार गरी पशे गर्नू भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।२३ मा भएको आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता वोटलर्स नेपाल (तराई) लिमिटेडका तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री महेश कुमार थापा र विद्धान अधिवक्ता श्री मन्जु बुढाथोकीले करदाताको आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि करका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश कानूनसम्मत नभई त्रुटिपूर्ण हुँदा सो बदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१३. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको आदेश कानुनसम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन ? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. अब पुनरावेदक करदाताको पहिलो पुनरावेदन जिकिर हेर्दा, stock Write off प्रशासनिक खर्च अन्तर्गत खर्च दावी गरेको रु.२,११,१२,५०५/- मा १३ प्रतिशतले कर निर्धारण गरी त्यसमा २५ प्रतिशत जरिवाना,थप शुल्क र ब्याज समेत लगाएको सम्बन्धमा देखिन्छ। पुनरावेदक करदाताले खातामा अपलेखन गरेका वस्तुहरु आगजनी, चोरी, दुर्घटना, छुटपुट वा ध्वंशात्मक गतिविधिको उपरोक्त कारण परी नोक्सान भएका होइनन, उपयोगिता समाप्त भएकोले मौज्दातबाट हटाउनु परेको हो। कर कट्टी सुविधा प्रदान गरिएको वस्तुको उपयोगिताको म्याद समाप्त हुनु अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा मात्रै बजार मूल्यमा बिक्री भएको मानिने र त्यसमा कर असुल उपर गर्नु पर्ने हो। उपयोगिता समाप्त भएमा वस्तुहरुलाई बिक्री सरह व्यवहार गर्न मिल्दैन भनी पुनरावेदन जिकिर लिएको देखिन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १६ख. मा आगजनी चोरी, दुर्घटना, छुटपुट वा ध्वंशात्मक गतिविधिको कारणले हानी नोक्सानी भएको वा उपयोग गर्ने म्याद सकिएको बस्तुमा तिरेको मूल्य अभिवृद्धि कर तोकिए बमोजिम कट्टी गर्न सकिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ भने मूल्य अभिवृद्धि कर नियमावली,२०५३

को दफा ३९क. मा "चोरी, दुर्घटना, टुटफुट, ध्वंसात्मक गतिवधिका कारणले हानी नोक्सानी हुन गई त्यस्तो वस्तुको मौज्दातबाट लगत कट्टा गर्नु परेमा वा कम मूल्यमा बिक्री गर्नु पर्ने भएमा प्रमाण सहित त्यस्तो अवस्था भएको मितिले ३० दिन भित्र त्यस्तो वस्तुमा तिरेको कर कट्टी गर्नका लागि सम्बन्धित कर कार्यालयमा निवेदन दिनुपर्नेछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले के कति मूल्य बराबरका कुन कुन सामानको Stock Write off गरेको हो, सोको कारण के हो, भनी खुलाउन सकेको देखिदैन भने मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ३९क. बमोजिमको प्रक्रियामा गरेको पनि देखिएन। यस स्थितिमा करदाताले वस्तु खरिद गर्दा मूल्य अभिवृद्धि कर क्रेडिट दावी गरिसकेको अवस्थामा त्यस्तो वस्तु निसर्ग गर्दा मूल्य अभिवृद्धि कर नै असुल नगरी उपयोगिता समाप्त हुन लागेको सामान नष्ट गरिएको हुँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(१) अनुसार १३ प्रतिशत हुने कर रकम सोही ऐनको दफा २९ अनुसारको जरिवाना, दफा १९ अनुसारको थप दस्तुर र दफा २६(२) अनुसार व्याज रकम समेत गणना गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश कानून सम्मत नै देखियो।

१६. पुनरावेदन करदाताको दोस्रो र तेस्रो पुनरावेदन जिकिर FABS International Inc. Singapore समेत र Global Service Company लाई भुक्तानी गरेको सेवा शुल्कमा तिरेको मूल्य अभिवृद्धि कर रकम क्रेडिट दावी गरेको लाई क्रेडिट कट्टी अमान्य गरिएको सम्बन्धमा रहेको देखिन्छ ।यस सम्बन्धमा FABS International Inc. Singapore समेत लाई भुक्तानी गरेको सेवा शुल्क र Global Service Company लाई भुक्तानी गरेको रकमको मूल्य अभिवृद्धि करको क्रेडिट दावी सम्बन्धी प्रश्न यिनै करदाताले दायर गरेको लगाउको आयकर मुद्दा नं. ०७५-RB-०१५४ सँग अन्तरप्रभावित रहेको देखिन्छ। लगाउको उक्त मुद्दामा करदाताले Global Service Company लाई भुक्तानी गरेको सेवा शुल्क र FABS International Inc. Singapore लाई भुक्तानी गरेको सेवा शुल्क सम्बन्धी विषयमा पुनः संशोधित कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरमा पठाउने ठहरी आज यसै इजलासबाट फैसला भएको हुँदा सो समेत आधारमा यिनै शिर्षकमा भुक्तानी गरेको रकममा मूल्य अभिवृद्धि कर निर्धारण सम्बन्धी निर्णय समेत अन्तरप्रभावित भई फरक पर्न सक्ने हुँदा शुरु निर्णय बदर गरी पुनः संशोधित कर निर्धारणबाट निस्केको निष्कर्षको आधारमा पुनः अन्तिम कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरमा पठाउनु उपयुक्त हुने देखियो।

१७. तसर्थ माथि विवेचित आधार र कारणबाट प्रस्तुत मुद्दामा विचाराधीन FABS International Inc. Singapore समेतलाई भूक्तानी गरेको सेवा शुल्क र Global Service Company लाई भूक्तानी गरेको रकमको मूल्य अभिबृद्धि करको क्रेडिट दावी सम्बन्धी प्रश्न यिनै करदाताले दायर गरेको लगाउको ०७५-RB-०१५४ को आयकर मुद्दासंग अन्तरप्रभावित रहेको र

सो मुद्दा आज यसै इजलासबाट पुनःसंशोधित कर निर्धारण गर्न शुरुमा पठाउने ठहर भई फैसला भइसकेको हुँदा आयकर मुद्दामा हुने पुनःसंशोधित कर निर्धारण आदेश समेत हेरी प्रस्तुत मुद्दाका उक्त प्रश्नहरुमा पुनःनिर्णय गर्नु भनी फाइल ठूला करदाता कार्यालयमा पठाइदिने ठहर्छ। Stock Write Off शिर्षकमा शुरु निर्णय मिलेकै देखिँदा करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम FABS International Inc. Singapore समेत लाई भूक्तानी गरेको सेवा शुल्क र Global Service Company लाई भुक्तानी गरेको सेवा शुल्क वापको मूल्य अभिवृद्धि करको क्रेडिट दावी सम्वन्धमा पुनः कर निर्धारण फाइल शुरु ठूला करदाता कार्यालमा पठाउने ठहरेकोले यो फैसला सहित ठूला करदाता कार्यालयलाई लेखी पठाउनू।
२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौंलाई दिनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनु ।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः लक्ष्मी प्रसाद शर्मा

इति सम्बत २०८० साल जेष्ठ ३० गते रोज २ शुभम्--------------------------

प्रमाणिकरण मितिः-

प्रमाणिकरण गर्नेः-

राजस्व न्यायाधिकरण काठमाण्डौको छाप